गैरभन्सार अवरोधका कारण वैधानिक व्यापार हतोत्साह

वार्षिक ४३ लाख डलर उपभोग्य खर्च बचतको सम्भावना

अभियान संवाददाता

वैशाख १६, काठमाडौं । आन्तरिक र बाह्य गैरभन्सार अवरोधका कारण वैधानिक तवरले हुने अन्तरराष्ट्रिय व्यापार हतोत्साह हुँदै गएको सरोकारवालाहरूले बताएका छन् । साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भाइरोण्मेण्ट (सावती) र नेपाल उद्योग वाणिज्य महासङ्घले सोमवार राजधानीमा आयोजना गरेको अन्तरक्रियाका सहभागीहरूले गैरभन्सार अवरोधका कारण अवैध व्यापारलाई प्रोत्साहन मिलेको बताएका हुन् । उनीहरूले व्यापार लागतमा उच्च वृद्धि भएको र यसले उत्पादक र उपभोक्ता दुवै मर्कामा परेको बताए । कानूनी बुँदाहरूको परिभाषामा अस्पष्टता, तथ्याङ्कको अभाव, राष्ट्रहरूबीच भिन्नभिन्न नीतिगत उपचार, निर्णय वा अन्तरदेशीय सम्झौताहरूको प्रभावकारी कार्यान्वय हुन नसक्नु, प्रोत्साहनकारी प्रबन्धहरूको अपर्याप्तता, समावेशी हुन नसकेको परामर्श प्रक्रियालगायतका कारणले गैरभन्सार अवरोधहरू बढ्दै गएको सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेको भनाइ थियो । 'गैरभन्सार अवरोधले भन्सार शुल्कभन्दा दोब्बर लागत बढाइरहेको छ,' उनले भने ।

गैरभन्सार अवरोधका कारण औद्योगिक उत्पादनमा भन्दा कृषिजन्य वस्तुको निर्यातमा बढी प्रभाव परिरहेको वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझाले बताए । 'निकासीमा शून्य भन्सार सुविधा दिइएको तयारी पोशाक (गार्मेण्ट)मा पनि हुँदै नभएको रसिद भिराएर अवरोध ल्याइएको छ,' उनले भने, 'गैरभन्सार अवरोध कम गर्न नेपालजस्ता भूपरिवेष्टित तथा विकासोन्मुख देशले व्यापार सहजीकरणमा जोड दिनुपर्छ ।' गैरभन्सार अवरोधले निर्यातका लागि दोस्रो (अवैध) बाटो रोज्न बाध्य हुनुपरेको कार्यक्रमका अर्का वक्ता नेपाल तयारी पोशाक सङ्घका अध्यक्ष उदयराज पाण्डेको भनाइ थियो । 'यसका कारण नेपालबाट निकासी हुने प्रमुख १२ ओटाभन्दा बढी वस्तु वैध बाटोबाटभन्दा अवैध बाटोबाट निर्यात हुने गरेको छ,' उनले भने ।

सावतीका विभिन्न अध्ययनले दक्षिण एशियाको कुल व्यापार कारोबार लागतको ७५ प्रतिशत खर्च गैरभन्सार अवरोधका कारण सृजना भइरहेको देखाएको छ । सन् २००९ मा मात्रै यस्ता गैरभन्सार अवरोधका कारण सार्क क्षेत्रका जनताले उपभोग खर्चमा करीब १ अर्ब १५ करोड डलर बढी तिर्नु परेको सावतीको तथ्याङ्क छ । अध्ययनहरूले नेपालमा गैरभन्सार अवरोध निराकरण गर्नसके वार्षिक करीब ४३ लाख डलर उपभोग्य खर्च बचत गर्न सक्ने देखाएका छन् । भन्सार नाकामा हुने बदनियतपूर्ण कार्य, ढिलासुस्ती, भौतिक पूर्वाधारको अभावजस्ता कारणले अन्तरराष्ट्रिय व्यापारमा अवरोध पुगिरहेको छ ।

एभरेस्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint Venture with punjab national bank India)

नेपाल राष्ट्र बैङ्कले तोकेको विदेशी मुद्रा विनिमय दर

वैशाख १७ का लागि

मुद्रा	एकाइ	खरीददर रु	बिक्रीदर रु
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	८६.६१	८७.२१
यूरो	१	११३.४१	११४.१९
पाउण्ड स्टर्लिङ	१	१३४.५१	१३५.४४
स्वीस फ्रेङ्क	१	९२.२१	९२.८५

Consistent, Strong & Dependable